# लोक सेवा आयोग

## कर्मचारी सञ्चय कोष, प्राविधिक, कम्प्युटर, छैटौं, सहायक प्रबन्धक (कम्प्युटर इन्जिनियर) पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८०।०८।३०

पत्र : प्रथम

समय : २ घण्टा १५ मिनेट | पूर्णाङ्क : १००

विषयः प्राविधिक विषय तथा व्यवस्थापन

---

**विषयगत** | **समयः १ घण्टा ३० मिनेट**

**५० अङ्क**

१. अहिले सर्वप्रथम व्यक्ति आफै व्यवस्थित हुनुपर्छ भन्ने मान्यता वा स्वयम्-व्यवस्थापन (Self-Management) को अवधारणाले पनि उत्तिकै महत्व पाइरहेको सन्दर्भमा यस्तो व्यवस्थापनको अभ्यासले हाम्रो व्यक्तिगत जीवन (Personal Life) र कार्यजीवन (Work Life) मा पर्ने सकारात्मक प्रभावहरू उदाहरणसहित उल्लेख गर्नुहोस् । 2 ५

२. नेतृत्व सीपका आवश्यक तत्वहरू उल्लेख गर्दै नेतृत्व सीप र कार्य उत्प्रेरणाको अन्तरसम्बन्ध लेख्नुहोस् । 2 २.५+२.५=५

17

३. परिवर्तन व्यवस्थापन (Change Management) ले संगठनमा पार्ने सकारात्मक प्रभावका सम्बन्धमा विश्लेषण गर्नुहोस् । 1 ५

४. सामूहिक सौदावाजीका सवल तथा दुर्वल पक्षहरूको चर्चा गर्नुहोस् । 1 ५

५. सामाजिक सुरक्षा र सामाजिक संरक्षण भनेको के हो? नेपालमा छरिएर रहेका सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई एकीकृत सामाजिक सुरक्षाको ढाँचामा आबद्ध गर्न के-कस्ता सुधारका कार्य आवश्यक ठान्नुहुन्छ? उल्लेख गर्नुहोस् । 2 २+३=५

६. कर्मचारी सञ्चय कोषको कार्यक्षेत्र उल्लेख गर्दै कोषको प्रभावकारिता बृद्धि गर्न अवलम्बन गर्नुपर्ने रणनीतिक सुधारका सम्बन्धमा सुझाव दिनुहोस् । 2 १.५+३.५=५

७. नेपालको संविधानले श्रमिकको हक सम्बन्धमा गरेको व्यवस्थामाथि प्रकाश पार्नुहोस् । 1 ५

८. साइबर सुरक्षा भनेको के हो? नेपालमा विद्युतीय अपराध नियन्त्रण गर्न साइबर सुरक्षाका कुन-कुन पक्षमा ध्यान दिनुपर्ला? लेख्नुहोस् । 2.1 २+३=५

९. कर्मचारी सञ्चय कोषमा खरिद गुरुयोजना निर्माण गर्दा उल्लेख गर्नुपर्ने विषयहरू संक्षेपमा लेख्नुहोस् । 2 ५

१०. नेपालमा सञ्चार तथा सूचना प्रविधिसँग सम्बन्धित कार्य गर्न एकभन्दा बढी निकायहरू संलग्न रहेको र कतिपय अवस्थामा जिम्मेवारीमा पनि दोहोरोपना रहेको भन्ने सन्दर्भमा यस्तो अवस्था सृजना हुनुका कारणहरू विश्लेषण गर्दै यसमा सुधार गर्न के-कस्तो प्रबन्ध गर्नुपर्ला? उल्लेख गर्नुहोस् । ५

2

:: समाप्त ::